नेपाल सरकार

# उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय

## (प्रशासन तथा योजनाशाखा)

त्रिपुरेश्वर,काठमाडौं

पत्रसंख्या :-०८१/०८२

च.नं. :-१६५२

मितिः-२०८१/१२/०५

ने.सं. ११४५

विषय :- शेयर रोक्का सम्बन्धमा ।

श्री बैंक तथा वित्तीय संस्था, सबै
(क, ख, ग र घ वर्ग तथा पूर्वाधार विकास बैंक)

प्रस्तुत विषयमा तहाँ बैंक तथा वित्तीय संस्थाबाट विभिन्न कम्पनीको शेयर रोक्का राखिदिनको लागि यस कार्यालयमा पत्राचार गर्दा शेयर रोक्का राख्ने कानूनी आधार, शेयरधनीले गरेको शेयर धितो बन्धकको लिखत वा मञ्जुरीनामा, शेयरधनीको परिचय खुल्ने कागजात लगायतका अन्य विवरण समावेश गरेको पाइँदैन् । यस कार्यालयले कम्पनी ऐन, २०६३ बमोजिम शेयरधनीको संरक्षण गर्नुपर्ने, लगानीमैत्री वातावरण निर्माणको लागि लगानीकर्ताको संरक्षण गरी अर्थतन्त्रमा टेवा दिनुपर्ने लगायतका जिम्मेवारी र दायित्व समेत निर्वाह गर्नुपर्ने हुन्छ ।त्यसैगरी सम्पत्ति सम्बन्धी अधिकार प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार भएको र त्यस्तो अधिकारलाई संविधान एवम् कानूनले संरक्षण गरेको हुन्छ । शेयर रोक्का सम्बन्धमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५५ को उपदफा (२), (३) र (४) मा देहायको प्रावधान रहेको छः

देहायः

*१. बैंक तथा वित्तीय संस्थाले कर्जा दिंदा आफूलाई मान्य हुने चल अचल सम्पति सुरक्षण लिई वा अन्य उचित जमानी लिई आफ्नो र निक्षेपकर्ताको हितको सुरक्षा हुने गरी कर्जा प्रवाह गर्नुपर्नेछ ।*

*२. कर्जाको सुरक्षण वापत लिएको सम्पत्ति कुनै पनि व्यहोराबाट कसैको नाउँमा रजिष्ट्रेशन वा दाखिल खारेज वा हस्तान्तरण हुन नसक्ने गरी बैंक वा वित्तीय संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज वा रोक्का राखिदिनको लागि बैंक वा वित्तीय संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनुपर्नेछ ।*

*३. रजिष्ट्रेशन, दाखिल खारेज वा रोक्का राखिदिनको लागि लेखी आएमा सम्बन्धित कार्यालयले लेखी आए बमोजिम रजिष्ट्रेशन, दाखिल खारेज वा रोक्का गरी दिनुपर्नेछ ।*

तसर्थ, शेयर धितो राखी कर्जा प्रवाह गर्नुपूर्व नै शेयर रोक्का राख्नुपर्ने स्पष्ट कानूनी आधार, कम्पनीको नाम, दर्ता नं., रोक्का राख्नुपर्ने शेयरको विवरण, शेयरधनीको नाम, ठेगाना र ना.प्र.नं./राहदानी नं. खुलाई शेयरधनीले गरेको शेयर धितोबन्धकको लिखत वा मन्जुरीनामा र शेयरधनीको परिचय खुल्ने कागजात संलग्न गरी यस कार्यालयमा लेखी पठाउनुहुन अन्यथा शेयर रोक्का राख्न नसकिने व्यहोरा आदेशानुसार अनुरोध छ ।

बोधार्थः
उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री नेपाल राष्ट्र बैंक, बलुवाटार, काठमाडौः आवश्यक समन्वय गरिदिनुहुन ।

२०८१/१२/०५
सूर्य प्रसाद चापागाईं
उप-रजिष्ट्रार

Scanned with CamScanner